आज मिति २०८३/०५/११ गते बिहीवारका दिन यस पाल्हीनन्दन गाउँपालिका,गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाको कार्यवाहक अध्यक्ष श्री कृष्ण चन्द्र यादव ज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा कार्यपालिका बैठक बसि देहायको प्रस्ताव माथि छलफल एव निर्णय गरियो।

उपस्थिति

श्री कृष्ण चन्द्र यादव - का.बा.गाउँपालिका अध्यक्ष

श्री अनामिका हरिजन- का. बा. उपाध्यक्ष (कार्यपालिका सदस्य)

श्री चुल्हाई प्रसाद यादव- १ नं. वडा अध्यक्ष (कार्यपालिका सदस्य)

श्री जगदीश प्रसाद गुप्ता- २ नं. वडा अध्यक्ष (कार्यपालिका सदस्य)

श्री गोधन प्रसाद हरिजन- ३ नं. वडा अध्यक्ष (कार्यपालिका सदस्य)

श्री रबिन्द्र कुमार सहानी-४ नं. वडा अध्यक्ष(कार्यपालिका सदस्य)

श्री दयाशंकर त्रिपाठी -५ नं. वडा अध्यक्ष (कार्यपालिका सदस्य)

श्री अनिता सहानी - ६ नं. वडा कार्यवाहक अध्यक्ष (कार्यपालिका सदस्य)

श्री छोटेलाल पासवान- कार्यपालिका सदस्य

श्री लिलावती देवी हरिजन- कार्यपालिका सदस्य

श्री सुभावती देवी हरिजन- कार्यपालिका सदस्य

श्री अनिल रजक- कार्यपालिका सदस्य

श्री संजय कुमार शर्मा – नि. प्रमुख प्रशासकिय अधिकृत (सदस्य सचिव)

श्री प्रदीप कुमार तिवारी – विपद व्यवस्थापन सहायक

प्रस्ताव नं.१ भोटेकोशी बाढिमा मृत्यु हुनेको सम्वेदना व्यक्त गर्ने र प्रधान मन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गर्ने सम्बन्धमा।

निर्णय :- प्रस्ताव नं.१ माथि छलफल गर्दा यहि मिति २०८३/०५/१० गते रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको ठुलो बाढीका कारण रसुवा, नुवाकोट,गोरखा,धादिङ र चितवन जिल्लाका विभिन्न तटीय क्षेत्रहरुमा भएको अपुरणीय क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै यस प्राकृतिक विपत्तिमा परि ज्यान गुमाएका सम्पुर्ण मृतकप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पणका साथ शोकसन्तप्त परिवारजनमा गाउँपालिका परिवारको तर्फबाट हार्दिक समबेदना एव गहिरो दुःख व्यक्त गर्दछौं। साथै सो घटनामा घाइते भएका सम्पुर्ण व्यक्तिहरुलाई शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो। उक्त विपदलाई राहत तथा पुनःस्थापनाको लागि यस पाल्हीनन्दन गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु.३,०१,०००/-(तीन लाख एक हजार) रकम सहयोग गर्ने निर्णय गरियो।